# उपाध्यक्ष श्री दुर्गादेवी सुनुवारले सातौं गाउँसभा समक्ष पेश गर्नु भएको
# आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम

घ्याङलेख गाउँपालिका,
सिन्धुली जिल्ला
बागमती प्रदेश, नेपाल
२०७७ साल असार १० गते

**गरिमामय गाउँ सभाका अध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरु,**
**सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु ।**

सर्व प्रथम यस घ्याङलेख गाउँपालिकाको सातौं गाउँ सभाको प्रारम्भ समारोहमा सहभागी हुनु भएका सम्पूर्ण सभाका सदस्यज्यूहरु, आमन्त्रित राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि एवं उपस्थित कर्मचारीहरुलाई गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

आज हामी कोभिड-१९ (कोरोना भाईरस) को महामारीले सिर्जना गरेको चुनौतीपूर्ण र असहज अवस्थामा रहेका छौं । तीनै तहका सरकारको समन्वय र सहकार्यमा यसको रोकथाम र नियन्त्रणको लागि हाम्रो गाउँपालिका प्रतिवद्ध रहेको छ । आजको दिन म कोरोना भाईरस महामारीका कारण स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली लगायत विश्वभरका नागरिकहरु प्रति भावपुर्ण श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । साथै उपचार्रत सबै दिदीवहिनी दाजु भाईहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै दुःखको घडीमा सहयोग गर्नु हुने सम्पूर्ण व्यक्ति, सरकारी, गैर सरकारी संघ संस्थाहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस अवसरमा ईतिहासका विभिन्न कालखण्डमा नेपालको सामाजिक परिवर्तन, लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्नको लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै नेपालको राजनीतिक तथा प्रशासनिक ऐतिहासिक नक्शा अद्यावधिक गर्ने पुनित कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाल सरकार लगायत सबै राजनैतिक दलहरुलाई उच्च सम्मान गदै कृतज्ञता समेत प्रकट गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगिकार गरेको छ । यसैको आधारमा संघ, प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको श्रोत प्रयोग गर्ने अधिकार प्रदान भएको छ । आज हामी नेपालको संविधानको भाग १८ धारा २२३ बमोजिम नियमित रुपमा शुरु भएको यो सातौं गाउँ सभाको प्रारम्भ समारोहमा उपस्थित भएका छौं ।

हुदै गरेको यस सभाले हामीले सम्पन्न गरेको पछिल्ला सभाबाट स्वीकृत नीति, कार्यक्रम र बजेटको के कस्तो रुपमा प्रभावकारी कार्यन्वयन भयो भएन भन्ने विषयमा छलफल हुनेछ भने आज प्रस्तुत भई रहेको आर्थिक वर्ष २०७७।०७८ को नीति, कार्यक्रमबाट यस गाउँपालिकाको दुरगामी एवं उज्जवल र समृद्ध गाउँपालिकाको निर्माणको आधार हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

कोविड १९ को महामारीका कारण परम्परागत विकासको दृष्टिकोण, पद्धति, अवधारणा र अभ्यासमा पुनर्विचार गर्नु पर्ने आवश्यकता रहेको छ । युवा शक्तिलाई विदेश पलायन हुनबाट रोकी देश भित्रै आफ्नै सीप र पूँजीलाई परिचालन गरी आर्थिक विकास गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।

निर्वाचित भएको ३ वर्ष पुगी सक्दा पनि हामील भौगोलिक कठिनाई, कर्मचारीको अभाव, आधुनिक उपकरण तथा विद्युतको असुविधाले गाउँपालिकाको **आवधिक योजना**, **गाउँ यातायात गुरुयोजना**, **गाउँपालिकाको बस्तुगत विवरण (प्रोफाईल)** र **मध्यमकालिन खर्च संरचना** तयार गर्न सकिएको छैन । यसलाई तयार गरी सोही अनुरुप गाउँपालिकाको योजना कार्यान्वयन गर्नु पर्ने आवश्यकता भएको अनुभूति गरेको छु ।

हाम्रो असिमित ईच्छा, आकांक्षा, चाहना र आवश्यकतालाई सिमित श्रोत र साधनबाट समग्र गाउँपालिकाको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा ठुलो चुनौतीपूर्ण कार्य हो । सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम संचालन गर्नु पर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ ।

**“स्वास्थ्य, शिक्षा, कृषि र दिगो पूर्वाधार ! घ्याङलेखको सम्वृद्धिको आधार !!”** भन्ने दिर्घकालिन सोचका साथ अगाडी बढी रहेको यस गाउँपालिका विकासको दृष्टिकोणले प्रचुर संभावना रहेको गाउँपालिका हो । यस क्षेत्रका असिमित संभावनाहरुलाई सदुपयोग गर्दै समुन्नत गाउँ निर्माण गर्नका लागि यस सभाले तय गर्ने नीति, कार्यक्रमले विकासको लागि कोशेढुंगा सावित हुनेछ भन्ने मैले विश्वास लिएको छु । सिन्धुली जिल्लाको उत्तर पश्चिममा रहेको सदरमुकामबाट करिब ३५ किलोमिटर दुरीमा अवस्थित रहेको यो गाउँपालिका प्राकृतिक मनमोहक डाँडाकाँडाले भरिएको सुन्दर पहाडी भूभाग हो । यातायातको सुविधाको हिसावले केही कठिनाई भए तापनि बन्दै गरेका पूर्वाधार र नागरिकमा बढ्दै गएको विकास प्रतिको लगाबले रोजगारीका अवसरमा बृद्धि हुनाका साथै समग्र विकासमा सकारात्मक टेवा पुगेकोछ । यसको समग्र विकासका लागि सबै निर्वाचित जनप्रतिनिधि, माननीय सांसदज्यूहरु, नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकामा कार्यरत समस्त कर्मचारी, संचारकर्मी एवं आम गाउँबासीहरुको सक्रिय सहयोगको आवश्यकता पर्दछ । यसमा सबैको सहयोगमा हामीले लिएका नीति, कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट अगाडी बढ्न सक्ने अपेक्षा यस गाउँपालिकाले लिएको छ ।

**सभाका सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाको दीर्घकालिन सोच (Vision) लक्ष (Goal), उद्धेश्य (Objective) र अपेक्षित उपलब्धि (Expected Outcomes) को बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

क) **दीर्घकालिन सोच (Vision)** : स्वास्थ्य, गुणस्तरीय शिक्षा, कृषि र दिगो पूर्वाधारको विकास गरी शान्त, सुन्दर र समृद्ध गाउँपालिकाको निर्माण गर्ने ।

ख) **लक्ष्य (Goal) :** शिक्षा, स्वास्थ्यको विकास, कृषि उत्पादनमा आत्मनिर्भरता, रोजगारी अवसरको सिर्जना र दिगो पूर्वाधारको विकास गरी नागरिकको जीवनस्तर बढाउने ।

ग) **उद्धेश्य (Objective)** :

१. कोभिड-१९ लगायत सबै प्रकारका महामारी र विपद्‌बाट नागरिक जीवनको रक्षा गर्ने ।

२. गुणस्तरीय शिक्षाको विकास गर्ने ।

३. स्वास्थ्य सेवालाई सुदृढ गराउने ।

४. कृषि उत्पादनमा आत्म निर्भर बनाउने ।

५. सवैका लागि सुरक्षित पिउने पानी उपलब्ध गराउने ।

६. व्यवस्थित बसोबासका लागि सवै वडा, गाउँवस्तीहरुमा सडक पूर्वाधारको विकास गर्ने ।

७. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरुलाई सौन्दर्यकरण गर्दै पर्यटन पूर्वाधारको विकास गर्ने ।

८. व्यापार व्यवसाय, उद्योगको प्रवर्द्धन गर्ने ।

९. राष्ट्रिय भू-उपयोग नीति अनुरुप जग्गालाई व्यवसायिक क्षेत्र, आवास क्षेत्र र कृषि क्षेत्रको रुपमा विभाजन गर्ने ।

१०. उत्पादन र रोजगारीको प्रवर्द्धन गर्ने ।

११. पूर्ण सरसफाई युक्त, बालमैत्री, अपांगमैत्री, वातावरणमैत्री गाउँपालिका निर्माण गर्ने ।

१२. बालश्रम, वालविवाह, छुवाछुत र सबै खाले हिंसामुक्त समाजको निर्माण गर्ने ।

१३. न्यायमा सबै वर्गको पहुच वृद्धि गर्ने ।

१४. युवा तथा महिला शसक्तीकरणलाई जोड दिने ।

१५. घरेलु हिंसा न्युनिकरण गरि सुरक्षित समाजको निर्माण गर्ने ।

**घ) अपेक्षित उपलब्धि (Expected Outcomes) :**

१. विपद्बाट हुने जोखिमको न्यूनिकरण

२. स्वास्थ, शिक्षाको विकास

३. कृषि उत्पादनमा बृद्धि

४. रोजगारी श्रृजना

५.औषत आयको बृद्धि ।

६. औषत आयुमा बृद्धि ।

अव म **"स्वास्थ्य, शिक्षा, कृषि र दिगो पूर्वाधार ! घ्याङलेखको सम्वृद्धिको आधार !!"** को मूल नारा र दिर्घकालिन लक्ष्य **शिक्षा र स्वास्थ्यमा सुदृढता-कृषिमा आत्मनिर्भरता** रहेको जानकारी गराउँदै आ.ब. २०७७/०७८ को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अबलम्वन गरिएका पद्धति र आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय, प्रदेश र स्थानीय सरकारले जारी गरेका नीति, कानून र मापदण्ड
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र गाउँपालिकाको आवधिक विकास योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- दिगो विकासका लक्ष्य र योजना आयोगले निर्धारण गरेका क्षेत्रहरु
- श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र स्थानीय राजश्व परामर्श समितिका निर्णयहरु
- वडास्तरीय योजना तर्जुमा भेला, वडा समितिको सिफारिस, विषयगत समितिको र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएका योजनाहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्वहरु
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : सामाजिक सुरक्षा, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री

स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, आधारभुत स्वास्थ्य, पूर्ण सरसफाई, लगायतका अन्तर सम्बन्धित बिषयहरु

- स्थानीय विशिष्ट परिस्थिति अनुसार यस गाउँपालिकाले आवश्यक ठानेका विविध बिषयहरु
- घरेलु हिंसा, श्रम शोषण, बाल विवाह जस्ता जगनिय अपराध उन्मुलन गर्न न्याएको पहुच पुऱ्याउन चेतना मुलक शसक्तीकरण अभियान सञ्चालन गर्ने ।

**उपस्थित महानुभावहरु,**

अव म घ्याङलेख गाउँपालिकाले आ.ब. २०७७।०७८ को नीति, कार्यक्रम तर्जुमाले लिएका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

- कोभिड -१९ लगायत भविष्यमा आउन सक्ने अन्य प्रकोप, विपद् व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकार संग सहकार्यमा आवश्यक स्वास्थ्य सुरक्षा व्यवस्था मिलाउदै क्षमताको विकास गर्ने ।
- जनस्वास्थ्यमा आई परेका चुनौतिलाई सामना गर्न स्वास्थ्य सेवालाई सुदृढ, सबलीकरण गर्ने ।
- शैक्षिक क्रियाकलापलाई सुरक्षित हिसावले संचालन गर्न आवश्यक व्यवस्था मिलाउने ।
- स्वास्थ्य सुरक्षा समेतलाई ध्यान दिदै प्रशासनिक सेवा प्रणालीमा सुधार ल्याउने ।
- प्रकोप न्यूनिकरणका लागि फोहरमैला व्यवस्थापन, खानेपानी, सरसफाई जस्ता आधारभूत सेवाहरुको उपलब्धता र गुणस्तरमा सुधार ल्याउने ।
- बन्दाबन्दीको कारण र आर्थिक गतिविधिमा परेको प्रतिकूल असरबाट बढि प्रभावित समूह ( महिला, अशक्त, असहाय, अति विपन्न) को जीविकोपार्जन, हिंसा नियन्त्रण र स्वास्थ्य सुरक्षामा ध्यान दिने ।
- आयआर्जनका अबसर, रोजगारी तथा गरिबी निवारणको अवस्थामा सुधार ल्याउन कृषि तथा पशुपालन, सहकारी, श्रम प्रधान सार्वजनिक निर्माण आयोजना तथा स्वरोजगार बढाउने ।
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम सेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने,
- दीगो विकास, वन वातावरण संरक्षण र सम्वर्द्धनमा सहयोग पुरयाउने,

- भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,
- स्थानीय नागरिकको आवश्यकता र मागलाई सम्बोधन गर्ने,
- अधुरा र क्रमागत योजनाहरु पुरा हुने बजेट तथा कार्यक्रमहरु ।

**उपस्थित महानुभावहरु,**

अव म चालु आ.व. २०७६।०७७ को समिक्षा तथा विश्लेषण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

घ्याङलेख गाउँपालिकाको २०७६ साल असार १० गते शुरु भई ३० गते सम्पन्न भएको पाँचौं गाउँ सभामा चालु आ.व. २०७६/०७७ को लागि हामीले ३१ करोड ५९ लाख ४१ हजार एकासी रुपैयाको बजेट प्रस्तुत गरेका थियौं भने २०७६ पौष २६ गते सम्पन्न छैठौं गाउँसभामा पाँचौ गाउँसभामा अनुमानित गरिएको अ.ल्या. रकम रु. २,४३,००,०००।०० मा खुद अ.ल्या. रकम रु. ४,५३,३३,१२९।९८ कायम हुन आएकोले अनुमानित आयमा फरक भएको रकम रु. २,१०,३३,१२९।९८ थप गरी खुद आय अनुमान रु. ३३,६९,७४,९३९।९८ कायम गरी बजेट प्रस्तुत गरी सोही अनुसार बजेट बाँडफाँड गरिएको थियो। माथि उल्लेख गरिए अनुसार आय रकमहरुमा महालेखा परीक्षकको कार्यालयबाट फिर्ता गर्नु पर्ने भनी उल्लेख भएका प्रदेश सरकारबाट निश्चित कार्यको लागि भनी तोकि आएको समपुरक अनुदान र विशेष अनुदानमा खर्च नभई वाँकी रहेको रकम फिर्ता गर्नु पर्नेमा फिर्ता गर्नु पर्ने रकमलाई समेत क्रमागत बजेटमा उल्लेख गरी आय रकम देखाईएकाले प्रदेश सरकारबाट निकासा भई आउनु पर्ने समेत रोकिएको हुदा समपुरक अनुदान र विशेष अनुदानको रकम फिर्ता गरिएको छ । यसै गरी विश्वभर फैलिएको कोभिड १९ का कारण भएको बन्दाबन्दीका बाट देशको अर्थतन्त्रमा परेको नकारात्मक असरले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व वाँडफाँड र सवारी साधनको कर समेतमा अनुमान गरिएको ७ करोड ११ लाख ६ हजार मा हाल सम्म ४ करोडको हाराहारीका रकम प्राप्त भएकोले अनुमानित रकम भन्दा ४३ प्रतिशत कमी भई यसबाट कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ प्रक्षेपण गरिएको रकम रु. ६,६०,८७,०१४।१८ समेत धान्न नसक्ने अवस्था रहेको छ ।

चालु आ.व.को लागि संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण, सशर्त, राजस्व वाँडफाँडका रकम र शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयबाट सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरुका लागि निशुल्क प्याड वितरणको लागि रु. ८,४५,०००।०० बाहेक अन्य निकायबाट कुनै पनि बजेट विनियोजन भएको छैन । तसर्थ आ.व. २०७६।०७७ को लागि पाँचौ र छैठौं गाउँ

सभाबाट **रु. ३३ कारोड ६९ लाख ७४ हजार ९३९रुपैया ९८ पैसाको** संशोधित आय स्वीकृत भई सोही अनुसार योजना तथा कार्यक्रम संचालन भएको छ । यसरी हेर्दा केही योजनाहरु हाल सम्म संचालन गर्न नसकिएको र अधिंकाश योजनाहरु संचालनमा भई भुक्तानी प्रक्रियामा रहेका छन् । योजना तथा कार्यक्रमहरु संचालन हुन नसक्नुमा विश्वभर फैलिएको कोरोना भाईरसका कारण नेपाल सरकारबाट भएको बन्दाबन्दीले भएको व्यहोरा अनुरोध गर्दछु ।

**चालु आ.व.को बजेटमा उल्लेख भएका कार्यक्रमहरुको क्षेत्रगत हिसावले निम्नानुसार उपलब्धी भएका छन् ।**

**क) आर्थिक विकास (कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र वित्तीय क्षेत्र) :** यस क्षेत्रको कृषि पराम्परागत खेती प्रणालीमा आधारित रहेकोमा हाल आएर आधुनिक खेति तर्फ उन्मुख हुदै गई रहेको छ भने दिनानुदिन बढदै गई रहेको सानातिना व्यापार व्यवसायले यहाँको आर्थिक विकासमा बृद्धि हुदै गएको देखिन्छ ।

**ख) सामाजिक विकास :** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सांस्कृतिक प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशिकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक) यस गाउँपालिकाले शिक्षा र स्वास्थ्यलाई नै विकासको पहिलो आधार मानेको छ । शिक्षा र स्वास्थ्य तर्फ संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान बाहेक गाउँपालिकाको आफ्नो स्रोत साधनबाट समेत यातायात र आवतजावतको हिसावले अति कठिन क्षेत्रमा सामुदायिक विद्यालय, सामुदायिक स्वास्थ्य ईकाईको स्थापना गरी संचालनमा ल्याएको छ, भने भौतिक पूर्वाधार निर्माणको लागि समेत बजेट विनियोजन गरी सेवा सुविधा उपलब्ध गराएको छ । यसै गरी नेपाल सरकारको "एक घर एक धारा"को नीति अनुरुप खानेपानी योजनाहरु संचालनको क्रममा रहेका छन् । सांस्कृतिक प्रवर्द्धन, लैगिंक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यक्रम संचालन भएकोले उल्लेखनीय सुधार आएको छ ।

**ग) पूर्वाधार विकास (सडक, झोलुंगे पुल, सिंचाई, भवन तथा गाउँ विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार) :** गाउँपालिका भित्र रहेका सवै सडकहरुको निर्माण र स्तरोन्नती गर्दै गाउँपालिकाको आफ्नो भुगोलमा आफ्नै क्षेत्र भएर आवत जावत गर्ने सडकको निर्माण भई रहेकोछ । चालु आर्थिक वर्षमा वडा नं. १ मा २ वटा झोलुंगे पुलको निर्माण कार्यको थालनी भएको छ । सिंचाई कुलो, सामुदायिक भवन, पुल पुलेसाहरुको निर्माण कार्यको थालनी भएको

छ। स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम, प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रमका योजनाहरु सम्पन्न हुने क्रममा रहेका छन् । दुई वर्ष अगाडी सम्म लघु जलविद्युतबाट सिमित विद्युत सुविधा उपलब्ध भएकोमा आज सम्म आई पुग्दा केही गाउँ टोल बाहेक सबै गाउँटोलमा राष्ट्रिय विद्युत प्रसारण लाईनबाट विद्युत सेवा पुगी सकेको छ। आगामी वर्ष भित्र सबै वडाका सबै घरमा विद्युत सेवा पुगी सक्ने लक्ष राखिएको छ। यसै गरी स्वीकृत भएका कार्यक्रमहरु मध्ये आजका दिन सम्म झण्डै झण्डै ७० प्रतिशतको हाराहारीमा योजना तथा कार्यक्रमहरु सम्पन्न भई सकेका छन् ।

घ) **वन, वातावरण तथा विपद् व्यवस्थापन :** महाभारतको काखमा रहेको यस गाउँपालिका प्रकृतिको बरदान कै रुपमा रहेको छ । यसै त हराभरा प्रकृतिले सुन्दर मनमोहक यस क्षेत्रमा रहेका सामुदायिक वन तथा कबुलियती वनहरुको संरक्षणले वातावरण संरक्षणमा उल्लेखनीय योगदान पुगेको छ । विश्वभर फैलिएको कोभिड -१९ नामक महामारीको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट घोषणा गरिएको लकडाउन (बन्दाबन्दी) लाई गाउँपालिकाले पूर्ण रुपले पालन गरी रोकथामका लागि संचार माध्यमबाट जनचेतना जगाउने सन्देशहरुको प्रसारण, हात धुने बानीको विकास गर्न साबुन वितरण, मास्क, सेनिटाईजर वितरण, काठमाडौंमा रहेकोलाई गाउँबासीलाई घर सम्म ल्याउने कार्य, १०० बेडको क्वारेन्टन्टाईन निर्माण तथा संचालनको थालनी, विदेशमा रही आफ्नो गाउँ फर्केका दाजुभाईलाई गाउँपालिकाको खर्चमा सिन्धुली सदरमुकामबाट ल्याई क्वारेन्टाईनमा राखी चेकजाँच पश्चात सुरक्षित रुपमा घर पठाउने कार्य गरिएको, कोरोना भाईरसको महामारीका कारण रोजगारी गुमाएका परिबारहरुको पहिचान गरी राहत वितरण गर्ने कार्य समेत गरिएको छ भने **राहत हैन रोजगारी, मामका लागि काम** भन्ने ध्येयले नयाँ योजनाको पहिचान गरी रोजगारी सिर्जनाको प्रयासको थालनी गरिएको छ । अन्य विपद व्यवस्थापन तर्फ आगलागी, पहिरो, हावाहुरी, चटयांङ, जंगली जनावरबाट क्षति पुर्‍याएका पीडितहरुलाई राहत वितरण कार्य गरिएको छ भने केहीलाई राहत वितरण हुने क्रममा रहेको छ।

ङ) **सुशासन तथा संस्थागत विकास :** सवै प्रकारको वित्तीय अनुशासन कायम गर्ने र फजुल खर्च नियन्त्रण गर्ने कार्यको थालनी गरिएको छ। सुशासनको लागि पारदर्शिता अपनाई समय समयमा गाउँपालिकाबाट भएका गतिविधिहरुको बारेमा पत्रपत्रिका, रेडियो तथा सामाजिक संजालहरु, वेवसाईटबाट सवैमा जानकारीको लागि प्रकाशन तथा सम्प्रेषण गरिएको छ । पालिकाका ५ वटै वडाहरुमा कार्यालय व्यवस्थापन गरी वडाहरुबाट सबै प्रकारका सेवा प्रवाह भई रहेको छ।

५ वटै वडाहरुका ईन्टरनेटलाई भरपर्दो बनाई जुम बैठकको थालनी गरिएको छ। सवै विषयगत कार्यालयहरुको व्यवस्थापन समेत गरी कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिबृद्धिको गरिएको र आगामी दिनमा समेत यी कार्यहरुलाई निरन्तरता दिईने कार्यक्रम रहेको छ । जनसमुदाएलाई न्यायको पहुँच पुर्‍याउन इजलासको स्थापना, प्रत्येक वडामा मेलमिलाप कर्ताको व्यवस्था गरिएको छ ।

**उपस्थित महानुभावहरु,**

कोभिड-१९ (कोरोना भाईरस) नामक महामारीका कारण उत्पन्न असहज परिस्थितिले मानब समुदायका आवश्यकता र प्राथमिकताहरुलाई नै बदलिएको छ । हरेक मुलुकको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा पनि यसले गम्भिर असर पारेको छ । ठुला भवन, पिच सडक, चिल्ला गाडी र आधुनिक जीवनशैली मात्र विकास हैन रहेछ भन्ने पाठ यस महामारीले सिकाएको छ । महामारीले सिकाएको पाठ संगै तीनै तहका सरकारले मुलुकमा आफ्नो तर्फबाट प्रवाह गरिने सार्वजनिक बस्तु तथा सेवाको पुनः प्राथमिकीकरण गर्नु पर्ने भएको छ। शताब्दीकै विषम परिस्थिति संग जुध्नका लागि विश्वका सवै राष्ट्र र सहायता एजेन्सीले आफ्ना नियमित प्रयास र तालिकाहरुलाई परिमार्जन गरी रहेका छन् । हालको महामारीको विषमः परिस्थितिबाट विश्वले चाडै छुटकारा पाउन सक्ने अवस्था समेत देखिएको छैन । तसर्थ महामारीको असरलाई न्यूनीकरण गर्दै जनजीवनलाई कसरी नियमित तुल्याउने भन्ने कुरा नै अहिलेको विश्व सामु चुनौतिको विषय वन्न पुगेको सबैलाई अवगत नै छ ।

तसर्थ विगतमा प्राथमिकतामा राखिने क्रमशः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासलाई परिमार्जन गरी आगामी आ.व.को नीतिमा नेपाललाई कोभिडमुक्त बनाउने, स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रलाई प्राथमिकतामा राखी राख्नु आजको आवश्यकता भएको छ। कोभिड-१९ को महामारीको वर्तमानले सिकाएको पाठ संगै बजेट तर्जुमाको लागि अबलम्वन गरिएका पद्धति र आधारहरु, बजेट निर्माण एवं प्राथमिकीकरण आधार बदलिएको परिस्थितिमा यस गाउँपालिकाले आ.ब. २०७७०७८ को लागि तय भएका प्रमुख क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

## १. सामाजिक विकास नीति

### १.१. स्वास्थ्य

- विश्वभर फैलिएको कोभिड-१९ नामक महामारी लगायत सबै खाले महामारीको रोकथाम तथा नियन्त्रणका लागि संघ, प्रदेश सरकार, सिमाना जोडिएका पालिकाहरु र सरोकारवाला संघ संस्था संगको सहकार्य र सहयोगमा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ।

- कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रणका लागि हाल पालिकाले आफ्नै खर्चमा १०० जनालाई सहजताका साथ राख्न सकिने गरी क्वारेन्टाईन व्यवस्था गरिएकोमा आ.व. २०७७०७८ मा समेत छुट्टै कोरोना उपचार तथा रोकथाम कोष खडा गरी सोबाट क्वारेन्टाईन व्यवस्थापन, कन्ट्रयाक्ट ट्रेसिङ्ग, जनचेतनामूलक कार्यक्रम संचालन, अशक्त तथा अति विपन्न बर्गको संरक्षण गरिनेछ ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईको भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्दै औषधि लगायत स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी स्वास्थ्य सेवालाई सुदृढ गरी निशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाईने छ ।
- एक पालिका एक सामुदायिक अस्पतालको नीति अनुसार गाउँपालिकाको नाममा सोलाभन्ज्याङमा रहेको जग्गामा नेपाल सरकार, प्रदेश सरकार र सबै दातृ निकायको सहयोगमा १५ शैयाको अस्पताल निर्माण गर्ने कार्यको थालनी गरिने छ ।
- सुरक्षित प्रसुति सेवाका लागि नेपाल रेडक्रस सोसाईटी संग सहकार्य गरी निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकावासीहरुमा योग गरौं स्वस्थ बनौं भन्ने भावनाको विकास गराइनेछ ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकासको लागि सहयोग पुर्‍याईने छ ।
- सुरक्षित मातृत्व तथा आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।
- पौष्टिक खाना खाने बानी गराई कुपोषणलाई न्यून गर्न विशेष कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- वार्षिक रुपमा कम्तीमा १ पटक पालिका भित्र विशेषज्ञ सहितको स्वास्थ्य सेवा शिविर संचालन गरिने व्यवस्था मिलाईनेछ ।
- क्षयरोग, औलो, डेंगु, एच आई भि एड्स जस्ता सर्ने रोगहरु र नसर्ने रोगहरु पत्ता लगाई उपचार पद्धतीमा ल्याई रोगको न्यूनिकरण गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थामा प्रभावकारी किशोर किशोरी स्वास्थ्य सेवाको उपलब्धता र सुनिश्चितताका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

- मातृशिशु तथा बाल्यकालिन पोषणमा सुधार ल्याउन विभिन्न स्थानमा ( विभिन्न कार्यालयहरु, स्वास्थ्य संस्था, सार्वजनि स्थान) स्तनपान कक्षको निर्माण, स्वास्थ्य संस्था, विद्यालयहरुमा पोषण कर्नरको स्थापना, स्थानीय स्तरमा पोषणयुक्त पिठो (सर्वोत्तम पिठो), **एक बार खाना चारको** अवधारणको विकास गर्ने वारे सचेतिकरण कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुबीचको समन्वयलाई सुदृढ तुल्याई गाउँ क्षेत्र भित्र वा नजिक रहेका रक्त संचार केन्द्र, सामुदायिक अस्पताल जस्ता संस्थालाई क्रियाशिल बनाउन आवश्यक सहयोग गर्ने व्यवस्था मिलाईने छ ।

**१.२. शिक्षा**

- **"घ्याङलेखको छहारी ! शिक्षित छोरी, बुहारी !!"** को कार्यक्रमको थालनी गरी माध्यमिक शिक्षा (कक्षा १२) उत्तीर्ण गरेका पालिका भित्रका छोरी बुहारीहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्दै अभिभावकलाई सम्मान गर्ने कार्यक्रमको थालनी गरिनेछ ।
- पूर्वाधारयुक्त कक्षा १२ संचालित गाउँपालिका भित्रका कुनै पनि एक विद्यालयलाई क्याम्पस स्थापना गर्न सहयोग गरिनेछ ।
- एक गाउँपालिका एक प्राविधिक शिक्षालयको स्थापनाको नीति अनुरुप कुनै एक विद्यालयलाई प्राविधिक धारको विद्यालयको रुपमा स्थापना गर्न सहयोग गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई भौतिक पूर्वाधार बढाउदै अनलाईन र दुरशिक्षाको माध्यमबाट पठनपाठन गराउन सकिने गरी आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
- अंग्रेजी माध्यममा सञ्चालित विद्यालयलाई थप प्रोत्साहन गरिनेछ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहित गरिनेछ ।
- बालमैत्री शिक्षण पद्धतिको विकास गरिनेछ ।
- जेहन्दार, गरिब, विपन्न र अपांगता भएका बालबालिकाहरुलाई पाठयपुस्तक, पाठय सामाग्री र पोशाक लगायत सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गर्न स्वदेश तथा विदेशका नागरिकहरुलाई प्रोत्साहित गरिने छ ।
- नेत्रहीन, सुस्त श्रवण, सुस्त मनस्थिति लगायत भिन्न क्षमता भएकाहरुको लागि विशेष शिक्षा व्यवस्था गर्न पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा **E- Library** को स्थापनामा सहयोग गरिनेछ ।

- सामुदायिक बिद्यालयमा शिक्षक बिद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- शिक्षा ऐन, नियम र योजनाको तर्जुमा तथा परिमार्जन गरी कार्यविधि र मापदण्ड समेत निर्माण गरिनेछ ।
- किशोर-किशोरी शिक्षा तथा जीवनोपयोगी सीप विकासको माध्यमले विद्यालय वाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने कार्यक्रम संचालन गरिनेछ ।
- माध्यमिक विद्यालयलाई विज्ञान प्रयोगशाला र ICT मैत्री बनाउदै लगिनेछ ।
- एकिकृत प्रारम्भिक बालविकास योजना तयारी तथा कार्यान्वयन गरिनेछ ।
- शैक्षिक ब्यवस्था सुदृढिकरण गरी गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरिनेछ ।
- सबै विद्यालयहरुमा सुरक्षित स्थान पहिचानको व्यवस्थापन तथा विद्यालय सुरक्षित नक्सा निर्माण गरिनेछ ।
- विद्यार्थी संख्या र भौगोलिक दुरी समेतको अध्ययन गरी कम विद्यार्थी, बढि आर्थिक बोझ भएका विद्यालयहरुलाई गाभ्ने (Merge) कार्यलाई अगाडी बढाईने छ ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन अगाडि बढाइने छ ।
- आधाभूत तहको परिक्षा सञ्चालन तथा व्यवस्थापन र प्रमाणिकरणलाई स्थरीय बनाइने छ ।
- विद्यालय बाहिर रहेका कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने दर घटाउन अभिभावकलाई सचेत गराइने छ ।
- सामुदायिक विद्यालयलाई कार्यरत कर्मचारीहरुलाई थप प्रोत्साहन गरिदै लगिने छ ।
- विद्यालयको भौतिक शैक्षिक गुणस्तरमा अभिवृदि गरिदै लगिने छ ।

### १.३. खानेपानी तथा सरसफाई

- स्वच्छ खानेपानीमा सम्पूर्ण गाउँबासीलाई पहुँच कायम गर्न संभाव्यता अध्ययन गरी गाउँलाई **"एक घर एक धारा"** को रुपमा विकसित गर्न सम्बन्धित निकायमा पहल गर्नुका साथै गाउँपालिकाबाट साझेदारी गरिनेछ ।
- सरसफाईको लागि मानिसहरुको वानी वेहोरामा आमूल परिवर्तन (Total Behaviour Change) गर्न पालिका क्षेत्र भरी नै जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

- वडाका मुख्य चोक तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरिदै लगिनेछ ।
- पालिका क्षेत्र भित्र नेपाल सरकारले तोकेको मापदण्ड विपरितका प्लाष्टिक झोलाको प्रयोगलाई व्यवस्थित गरी (3Rs) मोडेलको अवधारणा अनुरुप फोहोरमैला व्यवस्थापन गरिनेछ । पानी शुद्धिकरण गर्ने अभियान तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन निमयमावली, २०७० को प्रभावकारी कार्यान्वयन गरी फोहरमैला व्यवस्थापनमा जनचेतना अभिबृद्धि गर्दै **"सफा सुन्दर हाम्रो पालिका"** को रुपमा विकास गरिनेछ । यसका लागि गाउँपालिका भित्र बाल क्लवहरु, टोल विकास संस्थाहरु, आमा समूहहरु गठन गरी सम्पूर्ण सहयोगी शुभेच्छुकहरुको सहयोगमा सफा र सुन्दर गाउँपालिका निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- यस पालिकाबाट सञ्चालन गरिने खानेपानी, सरसफाई र स्वच्छता कार्यकमलाई साझा अभियानको रुपमा विकास गरी ब्यक्तिहरुको स्वास्थ्य, मान, प्रतिष्ठा र इज्जतको सवालसंग जोडी  कम लागतमा बढी नतिजा आउने कार्यक्रम सञ्चालन गर्ने कार्यको थालनी गरिनेछ । यसका लागि पालिकाको १० वर्षीय खानेपानी, सरसफाइ र स्वच्छता योजना (WASH Plan) तयार गरी सबै सरोकारवालाहरु र विकास साझेदार संस्थाहरुलाई यसै योजनाको लक्ष्य पूरा गर्न एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकारको दिगो विकास लक्ष्यलाई पूरा गर्नका लागि खानेपानी सुविधामा पहुँच नभएका जनताहरुको पहिचान गरी खानेपानी सुविधाहरु निर्माण गर्ने, पानी सुरक्षा योजनाहरु लागू गर्ने, खानेपानी सुरक्षित समुदाय (Water safe community) विकास गर्दै पूर्ण सरसफाइ तर्फ अगाडि बढ्ने कार्यको थालनी गरिने छ ।
- संस्थागत सरसफाइ (विद्यालय/बाल विकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी सरसफाई) सुविधा सुनिश्चित गर्न आवश्यकता अनुसार निर्माण गर्ने, प्रयोगमा नआएका सुविधालाई मर्मत सम्भार गर्ने र नियमित सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्रदायक संस्थाहरुलाई पुरस्कार र जरिवानाको व्यवस्था गर्ने र समुदाय स्तरमा सरसफाई र स्वच्छता अभियान सञ्चालन गर्न सामाजिक नियमहरु बनाई अभियानको रुपमा लागु गरिनेछ ।

- कुनै पनि समयमा आउन सक्ने विपद्संग जुध्न सक्ने खानेपानी र सरसफाई संरचना निर्माण गर्नका साथै यसका लागि पूर्व तयारीका लागि आवश्यक क्षमता विकास गर्नका साथै WASH Governance सुनिश्चित गर्न वातावरण तयार गरिनेछ ।

## १.४. समाबेशिकरण/गरिबी निवारण तथा कला

- बालसंरक्षण प्रणाली स्थापना र सबलीकरण गरिनेछ ।
- सामाजिक व्यवहार परिवर्तनका लागि सूचना तथा संचार अभियान संचालन गरिनेछ ।
- बाल सुरक्षा केन्द्र, महिला सुरक्षा केन्द्र र ज्येष्ठ नागरिकको सेवा केन्द्र स्थापनाको लागि आवश्यक पहल गरिनेछ।
- बाल विकास केन्द्र खडा गरी आवश्यक पाठ्य सामाग्री उपलब्ध गराइने छ ।
- युवाहरुलाई सीपमुलक र व्यवसायिक तालिम प्रदान गरी स्वरोजार बन्न अभिप्रेरित गरिने छ ।
- बालश्रम उन्मूलन तथा बाल अधिकारसंग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडी बढाइने छ । ज्येष्ठ नागरिकको सम्मान कार्यक्रमलाई अभिबृद्धि गरिदै लगिने छ ।
- महिला, बाल बालिका र अन्य लक्षित समुदायहरुको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकता दिईने छ ।
- महिला तथा विपन्न बर्गको शसक्तीकरणका लागि आवश्यक तालिम तथा लोकसेवा तयारी कक्षा संचालन गरी रोजगारीको अवसरमा सहभागी गराईनेछ ।
- महिला, बालबालिका, युवा, पछाडी पारिएका, आदिवासी/जनजाति, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैंगिक अल्पसंख्यक, सिमान्तकृत, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा शीप विकासका लागि सिपमूलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- युवालाई तालिम दिन उद्यमशिलता विकास कोष स्थापना गरी साझेदारीहरु समेतको सहभागितामा उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक परिचय पत्र बितरण कार्यको थालनी गरिनेछ ।
- अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस (अक्टुवर १ तारिख) को अवसरमा जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ ।

- गाउँस्तरीय साँस्कृतिक केन्द्रको स्थापना गरी कला साहित्यको जगेर्ना तथा बिकास गरिनेछ ।
- परम्परागत पञ्चेबाजाको संरक्षण गरिनेछ ।
- गाउँपालिकालाई बाल मैत्री, पूर्ण घटना दर्ता गाउँपालिका घोषणा गर्न गरिनेछ ।
- लक्षितवर्ग तथा सामाजिक समावेशीकरण तर्फ सामाजिक परिचालनको माध्यमद्धारा सशक्तिकरण गरी मागमा आधारित कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको बस्तुगत विवरण (पाश्र्व चित्र) निर्माण गरिनेछ ।
- नतिजामा आधारित बार्षिक तथा आवधिक योजना निर्माण गरिनेछ ।
- वालविवाह न्यूनिकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरुलाई बाल विवाह र यौन तथा प्रजन्न स्वास्थ्य सम्बन्धि तालिमको व्यवस्था गरिने छ ।

## १.५ रोजगारी तथा मानव संशाधन विकास

- विकास निर्माणमा युवा जनशक्ति परिचालन गरी दिगो विकासका लक्ष्य पुरा गर्न बेरोजगार व्यक्तिको अभिलेखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- युवा तथा विदेशबाट रोजगारी गुमाई फर्किएका नागरिकहरुको लागि कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गरी रोजगारीको अवसर सिर्जना गरिने छ ।
- **"राहत हैन रोजगारी, मामका लागि काम"** भन्ने उद्धेश्यका साथ गाउँपालिकाबाट संचालन हुने सबै विकास निर्माणमा अधिक्तम जनशक्ति प्रयोग हुने योजनालाई प्राथमिकता दिई संचालन गरिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुखी योजना निर्माणमा लगाईने छ ।
- पालिकामा सञ्चालन हुने कार्यक्रमहरुमा प्रभावकारिता ल्याउन गैह्र सरकारी संस्था डेस्क सुदृढीकरण गरी पालिकाको विकास निर्माणमा गैह्र सरकारी संस्थाको भूमिकालाई प्रभावकारी बनाउने कार्य गरिनेछ ।
- गैह्र सरकारी संस्थासंग साझेदारीमा विविध जनचेतना एवं विकासात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सरकारी तथा गैर सरकारी संस्थामा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- एकिकृत सामाजिक सुरक्षा रणनीति निर्माण गरिनेछ ।

### १.६.खेलकुद

- पालिका भित्रका सवै वडामा कम्तीमा एक एक वटा खेल मैदानको विकास गरी फुटवल, भलिवल, क्रिकेट, ब्याडमिन्टन जस्ता खेलकुदलाई प्रोत्साहन गर्न गाउँस्तरीय खेलकुद समितिको स्थापना गरिनेछ ।
- युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप र राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- समय समयमा विभिन्न किसिमका खेलकुद आयोजना गरी युवामा खेलकुद प्रति उच्च भावना पैदा गराईनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने पालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

### १.७. सामाजिक परिचालन

- पालिका क्षेत्रलाई सामाजिक रुपान्तरण गर्नको लागि सामाजिक परिचालन कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामाजिक परिचालनका माध्यमबाट गरीवी न्यूनीकरण कार्यक्रमलाई मुल प्रवाहीकरणमा समावेश गर्न जोड दिइनेछ ।
- सामाजिक परिचालन मार्फत समाजमा सकारात्मक सोच अभिबृद्धिको कार्यक्रमहरु अगाडी बढाइनेछ ।

### १.८ न्यायिक

- मेलमिलाप कर्ता, जनप्रतिधिहरुका लागि क्षमता अभिवृद्धिको कार्यक्रम अगाडि बढाइनेछ ।
- विवाद निरुपण तथा मेलमिलापको लागि समुदाय स्तरमा कार्यक्रम बनाई लागु गरिने छ ।
- मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।
- कानूनी परामर्श दाताको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ ।

## २ आर्थिक विकास नीति

### २.१ कृषि तथा पशुपालन

- बढदो वैदेशिक रोजगारीको परनिर्भरतालाई न्यूनीकरण गर्दै युवालाई कृषि उद्यममा आकर्षित गर्न **“युवाको पौरख- घ्याङलेखको गौरव”** नामक कृषि व्यवसायिक उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ ।

- जमिन बाँझो राख्न नपाईने नीति अवलम्बन गरिनेछ ।
- वडा वडामा आर्ग्यानिक खेती गर्न कृषकलाई प्रोत्साहन गर्ने कार्यको थालनी गरिनेछ ।
- कृषि सहकारितालाई प्रोत्साहित गर्दै उत्पादकत्व वृद्धि गर्न सवैखाले सहयोग गरिनेछ ।
- आधुनिक उन्नत पशु उत्पादनमा जोड दिदै कृषकहरुलाई दुग्ध तथा मासुजन्य उत्पादनमा प्रोत्साहित गरिने छ ।
- उन्नत पशुपालन, पशु विमा, गोठ सुधार जस्ता कार्यक्रमहरुलाई प्रोत्साहित गरिनेछ।
- कृषि उपजलाई बजारीकरण गरी किसानको उत्पादनको उचित मूल्य दिन कृषि संकलन केन्द्र स्थापना गरी कृषि बजारको विकास गर्ने कार्यको थालनी गरिने छ ।
- कृषि उत्पादन बढाउने उद्धेश्यका साथ **"उत्कृष्ट किसान, हाम्रो शान"** नारालाई आत्मसात गर्दै उत्कृष्ट ( जडिबुट, तरकारी, फलफूल) खेती गरी कृषि उत्पादन बृद्धिमा उल्लेखनीय योगदान पुरयाउने कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ ।
- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत विकास गरिनेछ ।
- कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।

## २.२. **पर्यटन**

- यसै वर्ष देखि थालनी भएको फापरचुली भ्यूटावरको निर्माण कार्य आ.व. ०७७।०७८ मा पुरा गरी फापरचुलीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न फापरचुली सम्म पुग्ने बाटो निर्माण गरी अन्य सबै पूर्वाधार निर्माणको थालनी गरिनेछ ।
- सबै वडाका सम्भावित पर्यटकीय क्षेत्रको खोजी गरी पर्यटन प्रवर्द्धन र विकास गरिनेछ ।
- सवै मठ मन्दिर, गुम्बा, चैत्य, चर्च सवैको संरक्षण तथा सुधार गरिनेछ ।
- हरियाली पार्क निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- एक वडा एक उद्यान मार्फत बालबालिका मैत्री पार्क निर्माणको लागि अध्ययन गरी निर्माण कार्यको थालनी गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र रहेका संभावित पर्यटकीय क्षेत्रमा होम स्टे कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिने छ ।

- स्वदेशी तथा विदेशी प्रमुख पर्यटन बजारमा यस पालिकाको व्यापक प्रचार प्रसार र प्रवर्द्धन गरिनेछ ।
- सघं र प्रदेश सरकारको लगानी प्रोत्साहित गर्दै सार्वजनिक निजी सहकारी साझेदारीको अवधारणा अनुरुप आधुनिक पर्यटन पूर्वाधारको विकास, बजारीकरण र प्रर्वद्धन गरिनेछ ।
- पर्यटकीय क्षेत्रको दिगो तथा प्रभावकारी व्यवस्थापनका लागि स्थानीय समुदायसँग सहकार्य गरिनेछ ।

## २.३. उद्योग तथा बाणिज्य

- **एक स्थानीय तह, एक औद्योगिक ग्राम** स्थापना गर्ने संघीय सरकारको नीति अनुरुप गाउँपालिका भित्र औद्योगिक ग्राम स्थापनाको लागि भौतिक पूर्वाधारको विकास गरिनेछ ।
- आय आर्जन बृद्धिको लागि सीप विकास तालिमको अवसर जुटाई उद्यमी उत्पादनमा जोड दिईनेछ ।
- घ्याङलेख गाउँपालिका क्षेत्र भित्र लघु उद्योग, घरेलु उद्योग तथा साना उद्योग स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।
- समय समयमा व्यापार, व्यवसाय मेला/महोत्सव आयोजना गरी गराई व्यापार व्यवसायको प्रवर्द्धन गर्ने कार्यको थालनी गरिनेछ ।
- सस्तो, सुलभ तथा सुपथ बजार व्यवस्थापनको साथै अनुगमनलाई तिव्रता दिइनेछ ।
- राज्यको समावेशी नीति अनुसार प्राथमिकतामा परेको जातजाति तथा समुदायलाई लघु तथा साना उद्यम व्यवसाय संचालनका लागि प्रोत्साहन गरिनेछ ।
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गरिनेछ ।
- गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि यस क्षेत्र भित्र भएका सवैखाले साधन स्रोतको संरक्षण र प्रवर्धन गरी स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगमा लगानीलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका व्यापार व्यवसाय र उद्योगलाई सुलभ किसिमले दर्ता तथा नियमन गरिनेछ ।

- छिमेकी स्थानीय तहहरु संगको समन्वयमा गाउँपालिकालाई तुलनात्मक रुपमा फाइदा पुग्ने उद्यम व्यवसायहरु साझेदारीमा संचालन गर्ने र गर्नकालागि उद्योगी, व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- उपलब्ध सिप, ज्ञान, प्रविधि र पूँजीलाई गाउँपालिकाको विकासमा  उपयोग गरिनेछ ।
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यलाई पुर्णरुपमा अन्त्य गर्दै पालिकाको अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गरिनेछ ।
- साझेदार संस्था तथा वैदेशिक संघ संस्थावाट सहायता लिंदा गाउँ कार्यपालिकाले पहिचान गरेको प्राथमिकतालाई आधार मानी उक्त सहयोगलाई गाउँपालिकाको एकमुष्ट वजेट (Basket Fund) मा समावेश गरी सम्वन्धित क्षेत्रमानै उक्त सहयोग खर्च गरिनेछ ।
- औद्योगिक ग्राम, उद्यम व्यवसायसंग सम्वन्धित परियोजना तथा साझेदार संस्था मार्फत संचालन हुने परियोजनाको सन्दर्भमा गाउँपालिकाको प्राथमिकता अनुसार संचालन गरिनेछ ।
- यस क्षेत्र भित्र परम्परागत रुपमा संचालित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन तथा स्तरोन्नती गरी गाउँपालिकाको आर्थिक विकासमा योगदान वढाईने छ ।

## २.४ सहकारी, गैह्रसरकारी तथा वित्तीय क्षेत्र

- सहकारी संस्थाहरुलाई दर्ता, नियमन, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरु संग सहकार्य गरी उत्पादनमूलक कार्यक्रमको लागि लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।
- सहकारी तथा वित्तीय क्षेत्र संग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका  क्षेत्रमा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघ संस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी वनाई गाउँपालिकाको समग्र विकास प्रकृयामा सहभागी गराईनेछ ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको विकासमा आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।

- कोभिड-१९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालिन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था हरुलाई तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपूरक भूमिकामा परिचालन गरिने छ ।

## ३. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति

### ३.१. वन वातावरण तथा जलवायु परिवर्तन

- **"ग्रिन घ्याङलेख, क्लिन घ्याङलेख"** को अवधारणा अनुरुप यस क्षेत्रमा रहेका मुख्य मार्ग र अन्य सडकको दायाँ वायाँ सार्वजनिक निजी साझेदारी नीति अनुरुप बृक्षारोपण गरी हरित सडकको रुपमा विकास गर्ने नीति लिईनेछ ।
- जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैह्र सरकारी संस्था तथा विकास साझेदारसंग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ , हरित पालिकाको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।
- अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थासंग सहयोग तथा समन्वय गरी वन, वाताबरण, भू-संरक्षण तथा जलवायू परिवर्तन सम्वन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।
- बजार तथा बाटोमा जथाभावी होर्डिङ बोर्ड राख्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

### ३.२ विपद व्यवस्थापन तथा भू-संरक्षण

- कोभिड-१९ महामारी लगायत सबै खाले महामारीको रोकथाम, नियन्त्रण र बाढी, पहिरो, आगलागी, शितलहर, जंगली जनाबरबाट हुने क्षति आदि जस्ता विपद्को लागि पर्यात हुने गरी कोषको व्यवस्थापन गरिनेछ ।
- विपद् व्यवस्थानका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्था संग समन्वय र सहकार्य गरिनेछ ।
- पालिकास्तरीय विपद् व्यवस्थापन कोष स्थापना गरी रकमको व्यवस्था गरिएको छ । यस कोषको अभिबृद्धिको लागि अन्य निकाय तथा गैह्र सरकारी संघ सस्था एवं शुभेच्छुकसमेतबाट साझेदारीता अभिबृद्धि गरिने छ ।

- सार्वजनिक, पर्ति तथा नदि उकास जग्गाहरुको खोजी गरी जनसहभागितामा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- विपद तथा प्रकोपबाट गाउँपालिकावासीको सुरक्षाको लागि समयमा नै प्रकोप सूचना प्रवाह तथा प्रकोपको समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाइने छ । पालिका भित्र आई पर्ने विपदको पूर्व तयारी, राहत, उद्धारका लागि प्रतिकार्य योजना, पुनर्लाभका कार्यक्रमहरु संचालन गरिने छ ।
- विपद्का समयमा राहत वितरणका लागि न्यूनतम राहत सामाग्रीको भण्डार गर्ने व्यवस्था मिलाईनेछ ।
- अनियन्त्रित प्रकृतिक श्रोत दोहन तत्काल रोकी यसलाई प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन तथा परिक्षण गरी व्यवस्थित गर्दै लगिनेछ ।
- वहु प्रकोप जोखिम तथा विश्लेषण VCA तथा पार्श्वचित्र निमार्ण गरी पालिका तथा समुदाय स्तरमा विपद तथा जलवायू उत्थानशिल योजना निर्माण गरिनेछ ।
- पूर्वाधार निर्माणका विपद् जोखिम न्यूनीकरणलाई समावेश गरी कार्यान्वयन गरिनेछ ।
- खोज तथा उध्दार गर्न सक्ने, अग्नी नियन्त्रण गर्न सक्ने, प्राथमिक उपचार गर्न सक्ने, मनोसामाजिक परामर्श दिन सक्ने दक्ष जनशक्ति तयार गरिनेछ ।
- विकास निर्माणका कार्यहरु गुणस्तरिय सामाग्रीहरु प्रयोग भए नभएको, भवन आचार संहिता पालना भए नभएको, विकासका कार्य गर्दा वातावरणीय अध्ययन भए नभएको, अनुगमन गरिनेछ ।

### ३.३ फोहोरमैला ब्यवस्थापन

- गाउँपालिकाको फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई समेत सहभागी गराई फोहोर मैला व्यवस्थापन गरिनेछ ।
- फोहरमैलालाई स्रोतमै न्यूनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्याई फोहरमैलाको व्यवस्थापन गरिनेछ ।
- फोहोरलाई उचित स्थान (Land field Side) पहिचान गरी व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।

### ३.४ विपद् व्यवस्थापन

- विपद् व्यवस्थापनको लागि विपद् पूर्वको तयारीको लागि प्रतिकार्य योजनाको तयारीको योजना निर्माण गर्ने, विपद् भएको अवस्थामा खोजतलास र उद्धार कार्य गर्ने र विपद्

पश्चात प्रतिस्थापन, पुनः निर्माण र राहतको कार्यक्रम संचालन गरी ३ चरणमा विपद् व्यवस्थापन गर्ने नीति लिईनेछ ।

- गाउँपालिका क्षेत्रमा हुने विपद्को व्यवस्थापन गर्न गाउँस्तरीय विपद् व्यवस्थापन समिति/वडास्तरीय विपद् व्यवस्थापन समिति खडा गरी सो समितिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लगाईनेछ ।
- महामारी, भूकम्प, वाढीपहिरो, हुरीवतास, चट्याङ, विद्युत सट, आगलागी तथा डढेलो, जंगली जनावारबाट हुने क्षति जस्ता विपद्को बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरी चेतना अभिबृद्धि  गरिनेछ ।

## ४ पूर्वाधार विकास नीति

### ४.१ सडक तथा पुल

- विश्वेश्वर प्रसाद कोईराला मार्गको पिपलभन्ज्याङबाट यस गाउँपालिका जोडने मुख्य मार्गको रुपमा रहेको पिपलभन्ज्याङ- हायुटार- सोलाभन्ज्याङ सडक (२९ कि.मि.) लाई सवै पूर्वाधार भएको पक्की सडकको रुपमा विकास गर्न पहल गर्दै सोलाभन्ज्याङ- चौकीटार बेलबोट हुदै रामपुर सम्म जाने सडक (१३ कि.मि.) लाई बाह्रै महिना विना अवरोध सवारी साधन संचालन हुने सडकको रुपमा विकास गरिनेछ ।
- नेपाल सरकारको नीति अनुरुप गाउँपालिका भित्र रहेका सडकलाई  “क”, “ख”, “ग”, “घ” बर्गमा विभाजन गर्ने कार्यको थालनी गर्दै शाखा सडकहरु ६ मिटर देखि १० मिटर र साँघुरा सडकहरुलाई समेत कम्तीमा ४ मिटर चौडा गरिने कार्यको थालनी गरिनेछ ।
- आ.व. २०७७।०७८ मा प्रदेश सरकार र गाउँपालिकाको पचास पचास प्रतिशतको लागतमा खट्टार देखि अमले थलागउँ हुदै फापरचुली सम्म सडक निर्माण (१ करोड ९६ लाख ४६ हजार लागतमा) चिलाउने पचभैया लप्से हुदै सातदोबाटो सम्म (१ करोड ९९ हजार ९८ हजार लागतमा) र रामपुर पाखुरेफेदी रामभेडे हुदै काकलिङ्ग सम्मको सडक (१ करोड ९८ लाख ८४ हजार लागतमा) सडक स्तरोन्नतीको कार्य गरिने छ ।
- गाउँपालिका भित्र निर्माण भएका सिम्ले खटार देखि अमले हुदै लघुराम खोला बन्दीपुर सुनकोशी जोडने सडक (करिब १५ कि.मि.), अमले, थलागाउं, लङदी, बछिउटार, मतानबास सुनकोशी जोडने सडक (करिब ११ कि.मि.) गुन्द्रखोला सुकाचोरी हुदै डाठे

जाने सडक ( करिब १४ कि.मि.), भद्रकाली खटारबाट बुक्ती हुदै पटबास सम्म जाने सडक (करिब १२ कि.मि.), **चन्दनपुर भैसै हुदै सातदोबाटो जाने सडक** (करिब १७ कि.मि.), २ नं.वडा कार्यालयबाट बजु टोल हुदै माझगाउँ च्यूरीबास सडक (करिब १३ कि.मि.), सोलाभन्ज्यांग पचभैया लाप्से हुदै सातदोबाटो जाने सडक (करिब २२ कि.मि.), ३ नं. वडा कार्यालयबाट तामाजोर टेकनपुर आधमारा हुदै गोठडाँडा भन्ज्यांग जाने सडक (करिब १७ कि.मि.), ३ नं. वडा कार्यालयबाट पाँचघरे जाने बाटो (करिब १५ कि.मि.), रामभेडा जुगेपानी सडक  (करिब १४ कि.मि.), रामभेडा गोपे हुदै चौकीडाँडा जाने सडक (करिब १३ कि.मि.), सोलाभन्ज्यांग माथिल्लो आहाले हुदै तल्लो आहाले सडक (करिब १४ कि.मि.), कालीखोला रामपुर बजार हुदै रामभेडा सम्म जाने सडक (करिब १४ कि.मि.), रामपुर चैनपुर हुदै सिम्फल महाभारत सम्म जाने सडक (करिब १८ कि.मि.), रामपुर बजारबाट पहरी लेख हुदै महाभारत जोड्ने सडक (करिब १४ कि.मि.), छरछरे वन्दीपुर सडक(५ कि.मि.), डल्लुडाँडा पटबास सडक(५ कि.मि.), राँगेचौर कोल्टार सडक (३ कि.मि.), खट्टार बुक्ती पटबास भ्वासे सिम्ले सडक (१० कि.मि.) सुकाचुरी च्यरीबास सडक (३ कि.मि.), आँपडाँडा सानो भोक्टेनी हुदै ठुलो भोक्टेनी सडक(३ कि.मि.), हायुटार बजार ईलाका प्रहरी कार्यालय हुदै बैंक चोक सम्म जाने वाटो (२ कि.मि.),धन्सार टोल देखि चालिसे बगर सम्म मोटरबाटो (४ कि.मि.), तामाजोर देखि तल्कुडाँडा, बाधमारा आरुबोट सडक (१५ कि.मि.), फिदिमखोला देखि चौकीडाँडा सडक चौकिटार देखि जगजिगे डाँडा सडक (५ कि.मि.), केराबारी आरुबोट सडक (७ कि.मि.), तामाजोर चिलाउने सडक (१० कि.मि.), सोलाभन्ज्याङ सिरिसे सडक (२३ कि.मि.), सोलाभन्ज्याङ्ग आहाले सडक ( १५ कि.मि.), लप्से मझुवा सडक(१० कि.मि.) कोल्टार देखि गुराँसे सडक (१५ कि.मि.), कोल्टार रातु सडक( ७ कि.मि.), घ्याङलेख डाँडा देखि मझुवा सडक (१५ कि.मि.) कोल्टार देखि कल्ले सम्मको सडक (५ कि.मि.), रोशी गा.पा.देखि जुगेपानी लाखाङ चौकीडाँडा बन्दीपुर सडक (२० कि.मि.), शिखरपुर गोपे वन्दीपुर बेलबोट सडक (३० कि.मि.), मा.वि. गोपे देखि गोपे फेदी सम्मको सडक (१० कि.मि.), चौकीडाँडा, गोठडाँडा सडक (४ कि.मि.),  भोटथुम कुडुले सडक(७ कि.मि.बगरटोल सडक (६ कि.मि.), लाखाङ तीनघरे मझुवा सडक (५ कि.मि.), बेलबोट भैसे रामपुर सडक (२ कि.मि.), चौकीटार छविसे, कालीखोला मश्राङ्गे सडक (१० कि.मि.), आहाले कालीखोला मसानघाट सडक (५ कि.मि.), कबासे सडक (२ कि.मि.), बन्दीपुर वडा कार्यालय देखि मगरडाँडा सडक(६ कि.मि.), गोठडाँडा भन्ज्याङ्ग

देखि घिसिङ्ग टोल सडक (२ कि.मि.), बोक्से सडक (५ कि.मि.), सिम्ले दोभान देखि हायुटार हुदै कोलडाँडा सडक (४ कि.मि.), राङचा, रातु अर्चले चैनपुर सिम्पाल जुगेपानी सडक (२५ कि.मि.), रामपुर खानीखोला ज्ञानडाँडा हुदै चैनपुर सडक (३ कि.मि.), राङचा कोल्बोटे सडक (२ कि.मि.) रातु दोभान हुदै बुधुमचुली जाने सडक (४ कि.मि.) रामपुर पहरी लेख हुदै जुगेपानी सडक (१८ कि.मि.), रामपुर घट्टस्वारा पाखुरे रामभेडे जुगपानी सडक (१० कि.मि.) गर्के अब्जसे, घिसिङ टोल हुदै रामपुर भन्ज्याङ सडक (३ कि.मि.), चारघरे मोटरबाटो (२ कि.मि.), रामपुर खानीखोला डोठे भन्ज्याङ चैनपुर सडक (३ कि.मि.), सिम्पला रानागाउँ मोटरबाटो (२ कि.मि.), रातु कान्फोल्दुङ हात्तिहाल मोटरबाटो (१ कि.मि.), भैसे थामीगाउँ काफ्ले चौर सडकलाई गाउँपालिकाको बजेट खामे सम्म प्राथमिकताको आधार गाउपालिकाबाट र संघ, प्रदेश र साझेदार संघ संस्थाहरु संग समन्वय गरी निर्माण, मर्मत तथा स्तरोन्नती गरिनेछ।

- भौतिक पूर्वाधारहरु खडा गर्दा बाल, महिला, अपांग र वातावरणमैत्री संरचनामा समेत विशेष जोड दिइनेछ ।
- सडक क्षेत्रको विकासमा व्यापक जनसहभागिताको अपेक्षा सहित योजनाहरु संचालन गरिने छ ।
- **गाउँ यातायात गुरुयोजना** तयार गरी सबै वडाका सडकहरुलाई स्तरोन्नती र निर्माण गरिनेछ ।
- **"विकासको आधार-भौतिक पूर्वाधार"** भन्ने नारालाई मूर्त रुप दिन **लेखिने हैन, देखिने** भन्ने जनबोलीलाई यथार्थमा परिणत गर्ने उद्धेश्यका साथ आगामी २ वर्ष भित्रमा आलोपालो सवै वडामा कम्ती १ वटा योजना पर्ने गरी छुट्टै **"गाउँ गौरब सडक योजना"** संचालन गरिनेछ ।
- एकीकृत नमूना बस्तीको विकासलाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।
- निजी जग्गा जमिनमा गाउँपालिकाको लगानीमा विकास निर्माण हुने भएमा जग्गा सार्वजनिक भए गरे पछि मात्र विकासका कार्य गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

## ४.२.सिंचाई

- आवश्यक र संभाब्य क्षेत्र पहिचान गरी सिंचाईको ब्यवस्था गरिने छ ।
- महाभारत क्षेत्रमा रहेका पानीको मुहान, झोराझोरीहरुको उचित संरक्षण तथा प्रवर्द्धन गरी सिंचाई सुविधाको गरिनेछ ।

## ४.३ भवन तथा सहरी विकास

- राष्ट्रिय भवन आचार संहिता तथा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन, २०७२ र गाउँपालिकाको भवन निर्माण मापदण्ड तयार गरी भवन निर्माणको लागि नक्सा पास गरिने व्यवस्था मिलाईनेछ ।
- नयाँ घर निर्माणको नक्सा पास गर्दा र पुराना घरको नियमित/ अभिलेखीकरण गर्दा कम्तीमा ***"एक घर एक विरुवा, एकघर फूल सहितको पाँच गमला"*** लगाई हुर्काउनु पर्ने व्यवस्थाको थालनी गरिने छ ।
- दिगो, नतिजामूलक र दिर्घकालिन भौतिक विकासको लागि **गाउँ गुरुयोजना** (Master Plan), आवद्यिक योजना लगायत विभिन्न क्षेत्रगत योजना तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ ।
- विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पदार्थको गाउँस्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ ।
- सडक लगायत विभिन्न भौतिक संरचनाहरुको निर्माण तथा मर्मतको संभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र संचालन हुने सबै आयोजना र कार्यक्रमहरु संचालन गर्दा स्थानीय आवश्यकता, प्राथमिकता एवं लाभान्वित वर्गको चाहाना अनुरुप पूर्वाधार विकास हुने गरी संचालन गरिनेछ ।
- ५ लाख भन्दा माथिका आयोजनाहरु संचालन गर्दा अनिवार्य रुपमा आयोजना स्थलमा योजना सम्बन्धी जानकारीमूलक सूचना पाटी राख्न लगाईनेछ । जुनसुकै आयोजनाको शुरु अवस्था, निर्माण चरणको अवस्था र निर्माण भई सके पछिको अवस्था स्पष्ट झल्कने तस्बिर र योजनाबाट लाभ लिनेहरुको उपस्थितिमा भएको योजना **सार्वजनिक परीक्षण प्रतिवेदन** (Public Audit Report) लाई भुक्तानीको अभिन्न अंग मानी त्यसैको आधारमा योजनाको भुक्तानी दिने व्यवस्था गरिनेछ ।
- खोला नाला, सार्वजनिक ऐलानी पर्ति जग्गाको अभिलेख राखी सार्वजनिक हितमा प्रयोग गरिनेछ ।

- प्रत्येक बर्ष निर्माण कार्यमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजय गर्ने नीति लिई गुणस्तरीय विकास निर्माणमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र रहेका खानेपानी तथा सिंचाई मुहान संरक्षण गर्ने, सडकका दायाँ वायाँ वृक्षारोपन गरी सडकलाई हरित सडकको रुपमा विकास गरी गाउँपालिकालाई रमणीय तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- ढल तथा नाला निर्माणका पूर्वाधारहरुलाई स्तरोन्नति गरिने छ ।
- एकीकृत विकास योजना, आवासीय योजना, भू–उपयोग योजना तर्जुमा गरी लागु गरिने छ ।
- भूकम्प प्रतिरोधात्मक घर निर्माणका लागि डकर्मीहरुलाई अनिवार्य तालिमको व्यवस्था गरिनेछ ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता विकास मार्फत गाउँपालिकाको अर्थतन्त्र सुदृढीकरण गरिनेछ ।

**४.४. व्यवस्थित वस्ती विकास**

- नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटर भन्दा कम नहुने गरी कायम गरिने छ ।
- समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गरिनुको साथै प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ । व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागु गरिनेछ ।
- एकिकृत जग्गा विकास योजना तयार गरी सो अनुसार भूमिलाई वर्गीकृत गरी आवास क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू उपयोग गर्ने नीति लिईने छ ।
- विभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचिन नामहरुको खोजी गरी तिनको पुनर्स्थापना गर्ने, आधिकारिक नामाकरण हुन वाँकी टोल, बस्ती, सडक, मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ ।

### ४.५. संचार

- ईन्टरनेटको माध्यमबाट सबै वडा कार्यालयबाट प्रदान भएका सेवालाई गाउँपालिकासँग जोडिने छ । विद्युतीय अनुगमनको शुरुवात गरिनेछ । अनलाइन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाइने छ ।

- गाउँपालिका भित्र गाउँ पत्रकार संजाल निर्माण गर्न सहयोग गर्दै पत्रकारिता प्रशिक्षणको लागि तालिमको व्यवस्था गरिनेछ ।

- गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीहरुमा ईन्टरनेट सेवाको उपलब्धता बढाई अनलाईन सेवाको विकास गरिनेछ ।

- दुर संचार सेवा प्रदायक संस्थाहरु संग समन्वय गरी सबै वडा, गाउँबस्ती टोलहरुमा टेलिफोन, मोवाईल, ईन्टरनेट सेवाको उपलब्धता बढाउन पहल गरिनेछ ।

- गाउँपालिका र वडा कार्यालयहरुको परम्परागत रुपमा सञ्चालन भईरहेको काम कारबाहीहरुलाई चुस्त  दुरुस्त र प्रभावकारी बनाउन सूचना प्रविधिको अत्यधिक प्रयोग गर्नु पर्ने भएकाले अहिले रहेको Wireless Internet सेवालाई क्षमता बढाउन Optical Fiber जडानको लागि विशेष व्यवस्था मिलाइने छ ।

- गाउँ कार्यपालिका अर्न्तगतका शाखाहरुको सेवा प्रवाह छिटो, छरीतो र गुणस्तरीय बनाउँन Software प्राणालीमा लगिने छ ।

### ४.६ विधुत तथा वैकल्पिक उर्जा

- पालिकाको शुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा प्रमुख सडक तथा चोकहरुमा बत्तीको व्यवस्था गरिनेछ ।

- वैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्र अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका सबै टोलबस्तीहरुमा राष्ट्रिय विद्युत सेवाको विस्तार गर्ने व्यवस्था मिलाइने छ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

- कार्यालयबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिने छ। नागरिक वडापत्रलाई मोवाईल एप्समार्फत हेर्न सकिने प्रविधिको विकास गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- कार्यालयको प्रशासनिक तथा भौतिक अवस्थालाई क्रमशः सुदृढ गर्दै लगिने छ ।
- वडा कार्यालयहरुको सुदृढिकरण गरी सेवा प्रवाहलाई सुदृढ गर्दै लगिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरु तथा जननिर्वाचित पदाधिकारीहरुको लागि आचार संहितालाई अद्यावधिक गर्दै व्यवहारमा नै लागु गरिने छ । सवै वडा सदस्यहरुलाई विकास निर्माण सक्रिय रुपमा सहभागी गराईनेछ
- सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउन पहिलो प्रवेश **पहिलो सेवा प्रणाली** (First come-First service) अबलम्बन गरिनेछ ।
- पालिका अन्तर्गतका सबै कार्यालयहरु सेवाग्राही मैत्री बनाइने छ ।
- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र गलत काम गर्नेलाई कारवाहीको व्यवस्था गरिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यबोझको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- पदाधिकारी एवं कर्मचारीको क्षमता विकास अभिबृद्धि र प्रोत्साहनको लागि प्रतिफल युक्त तालिम तथा अवलोकन भ्रमणको ब्यवस्था गरिनेछ ।
- पालिकाको सम्पूर्ण सेवालाई महिला, बाल र युवा मैत्री बनाउन प्रयत्न गरिने छ र सबै पालिकाबासी जनतालाई सूचनाको हक अधिकारको पुर्णरुपमा प्रत्याभुति दिलाइनेछ ।
- अन्तर गाउँ सम्वन्धको विकास गर्दै देश, विदेशका उत्कृष्ट गाउँ संग भगिनी सम्बन्ध स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।
- व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित पारदशी तथा जवाफदेहि पुर्ण बनाउन गाउँपालिका भित्र विभिन्न वस्ती/टोलहरुमा दर्ता सिविर, अभिमुखिकरण तथा गुनासो सुनुवाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रमहर सञ्चालन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता प्रक्रियालाई डिजिटल्लाइजेसन गर्ने कार्यको थालनी गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई बैंकिङ प्रणाली मार्फत भुक्तानी दिने गरि व्यवस्था मिलाइने छ ।

- यस गाउँपालिकालाई सन २०२४ सम्म गाउँपालिका क्षेत्रभित्र दर्ता गर्नुपर्ने विभिन्न घटना विवरणहरु मध्ये जन्म र मृत्यु दर्तालाई सत प्रतिशत अभिलेखिकरण गरिनेछ ।

**६. बित्तिय व्यवस्थापन तथा सुशासन**

- राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई राजस्व वृद्धिका लागि आगामी ३ महिना भित्र राजस्व सुधार योजना तयार गरी कार्यान्वयन गरिने छ ।
- आन्तरिक स्रोतको पहिचान गरी पहिचान भएका क्षेत्र समावेश गरी आय संकलनमा बृद्धि गर्ने प्रयासको थालनी गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार, महालेखा परिक्षक, महालेखा नियन्त्रक कार्यालय तथा केन्द्रिय लेखा प्रणालीका आम्दानी तथा खर्च शिर्षकहरुमा पालिकाको आय तथा व्ययका शिर्षकहरुलाई मिलान हुने गरी योजना तथा लेखा प्रणाली संचालन गरिने छ ।
- नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार बमोजिम पालिका क्षेत्र भित्र संचालनमा रहेका व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा दस्तुर, शुल्क, कर लगाईनेछ ।
- राजस्व संकलनको प्रक्रियामा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी करको रकमलाई पारदर्शिता र विश्वसनीयताका साथ सही ठाउँमा प्रयोग गरिनेछ ।
- उत्कृष्ट करदाताहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिईनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गरिने छ । खर्चलाई नतिजासंग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्वयात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिबृद्धिमा जोड दिइनेछ ।
- **"सूचना, तपाईको अधिकार"** भन्ने नारालाई कार्यान्वयन गरी सुशासन अभिबृद्धि गरिनेछ।
- गाउँपालिकाको सवै सूचनाहरु वेवसाईट, सामाजिक संजाल पेज, रेडियो तथा पत्र पत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाईने छ । प्रशासनिक संयन्त्रलाई चुस्तदुरुस्त र मितव्ययी बनाई क्रमशः प्रशासनिक बजेटलाई घटाउदै विकास बजेटलाई बढाउने नीति अंगिकार गरिनेछ ।

## ७. बजेट निर्माण तथा कार्यान्वयन

- गत विगत आ.व.हरुमा जस्तै आउदो आर्थिक वर्ष २०७७/०७८ को बजेट निर्माणको केन्द्र वडालाई मानिएको छ। सोही अनुसार प्रत्येक वडालाई भौगोलिक क्षेत्र र जनसंख्याको आधारमा कार्यक्रम तथा पूँजीगत बजेट विनियोजन गरिने छ भने चालु तर्फ प्रशासनिक खर्चको लागि प्रति वडा १ लाख ५० हजारका दरले बजेट विनियोजन गरिनेछ ।
- जनसहभागिता अभिबृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रबर्द्धन गर्न प्राथमिकता दिइनेछ ।
- गाउँबासीहरुका असिमित आवश्कता र चाहनालाई पुरा गर्नको लागि सबै वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुमा बजेट नपुग भएकोले योजनाहरुलाई एकिकृत गरी योजना बैंकको रुपमा राखिने र ती योजनाहरुको लागि लाग्ने थप रकम निकासाको लागि प्रदेश तथा संघीय सरकारमा माग गरिने छ ।

प्रस्तुत नीति तथा कार्यक्रम लागु गर्न आगामी आर्थिक बर्ष २०७७/०७८ को लागि नेपाल सरकार, प्रदेश सरकार र विभिन्न साझेदार निकाय, संघ संस्थावाट अनुमानित बजेट ३२ करोड ९९ लाख ९ हजार १३१ रुपैयाको बजेट सिमा प्राप्त भएको छ । यसमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँफाड, सडक बोर्ड नेपाल, प्रदेश सरकारको कार्यविधि अनुसार काम गर्नु पर्ने समपुरक अनुदान समेत समावेश गरिएकोछ । चालु आ.व. २०७६।०७७ को खर्च भई बाँकी रहने बजेटलाई छलफल पछि आ.व. २०७७।०७८को अनुमानित बजेटमा समावेश गरिनेछ । व्यय तर्फ सवै वडा कार्यालयहरु, गाउँपालिका भित्र रहेका शाखा उपशाखाहरुबाट पेश भएका र गाउँपालिका भित्र रहेका संघ संस्था एवम नागरिक समाजको माग एवं राय सल्लाह सुझावको रुपमा आएका योजना तथा कार्यक्रमहरुलाई एकिकृत योजना तर्जुमा समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुदै कार्यपालिकामा छलफल गरी प्रस्ताव गरेका योजना/कार्यक्रमहरु गाउँ सभामा विभिन्न चरणमा छलफलको लागि पेश गरिएको व्यहोरा गाउँ सभा सदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरु समक्ष जानकारी गराउदछु ।

प्रस्तावित बजेटलाई गाउँपालिका, वडा कार्यालय तथा विषयगत शाखाबाट प्रभावकारी रुपमा कार्यान्वयन हुने व्यवस्था मिलाएको छु । गाउँ सभाबाट स्वीकृत भएपछि विस्तृत विवरण सहितको सर्म्पूण नीति, कार्यक्रम तथा बजेट समेटिएको गाउँ विकास योजना पुस्तिका प्रकाशन गरी सबैलाई जानकारीको लागि उपलब्ध गराइने व्यहोरा अनुरोध गर्दछु ।

अन्तमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं परोक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, माननीय

सांसदज्यूहरु, वडाका अध्यक्ष एवं सदस्यज्यूहरु, सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विषयगत समितिहरु, बिषयगत कार्यालय, सुरक्षा निकाय एवं सरकारी, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, आम गाउँपालिकाबासी र गाउँसभा तयारीको लागि अहोरात्र खटिने गाउँपालिकाका सबै कर्मचारीहरु प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा समेत सबैको निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ।**

**जय घ्याङलेख ।**

दुर्गादेवी सुनुवार
उपाध्यक्ष
हायुटार, सिन्धुली

**मिति : २०७७ असार १०** ***गते बुधबार***